annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९६ पृष्ठ ८ | काठमाडौं, सोमबार २१ साउन २०८१ | श्रावण शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४४ | MONDAY, AUGUST 5, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता:

## व्यास पीठमा महिला कथावाचक

पशुपति क्षेत्रमा कोटिहोम सुरु भएको झन्डै तीन साता बितिसक्यो । कोटिहोममा कथावाचन सुन्न आउनेको भीड बिहानदेखि बेलुकीसम्म उत्तिकै छ । यस कोटिहोमको मुख्य आकर्षण महिला कथावाचक रहे । भारत र बेलायतबाट आएका महिला कथा वाचकको कथा वाचन एवं भजन प्रस्तुतिको मीठो शैलीले त्यहाँ आउने हरकोहीको मन जित्न सफल भएको छ । भक्तजनको उनीहरूप्रति माया र क्रेज धेरै देखियो ।

रामकला खड्का | *काठमाडौं*

– को रिपोर्ट



समाचार पृष्ठ २

## मनसुनजन्य विपद्बाट नागरिकलाई जोगाउने चुनौती



**उमाकान्त अधिकारी**

इजलास

जाजरकोट सधैं पहिरोको जोखिममा छ। गत कात्तिक १७ गते गएको भूकम्पले हल्लाउँदा यहाँको जमिन निकै कमजोर बनेको छ। त्यसैकारण जिल्लामा जतिवेला पनि पहिरो जान सक्ने सम्भावना छ। सचेत भएर बस्नुपर्ने अवस्था छ।

जिल्लाका केही बस्तीहरू पहिरोको उच्च जोखिममा छन्। मनसुनजन्य विपद्बाट क्षति हुन नदिन र नागरिकलाई सचेत बनाउन जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (डीईओसी) लाई सक्रिय बनाएका छौं। डीईओसीले प्रत्येक दिन मौसमको पूर्वानुमान गर्छ। जोखिममा रहेका बस्तीमा वडाध्यक्षमार्फत सूचना पुऱ्याउने काम भइरहेको छ। आमा समूह, विद्यालय व्यवस्थापन समूह, युवा समूहमार्फत सचेतनाका कामहरू भइरहेका छन्। स्थानीय तह र प्रहरीको समन्वयमा जोखिममा रहेका बस्ती सुरक्षित स्थानमा सार्ने काम पनि भइरहेको छ। कतिपय बस्तीहरू जोखिममा भए पनि सुरक्षित स्थानमा सर्न नमान्नु, ग्रामीण सडकहरू पहिरोले गर्दा अबरुद्ध हुनु र तत्काल अवरुद्ध सडक खुलाउन सक्ने अवस्था नहुनु, पर्याप्त र दक्ष जनशक्तिको अभाव चुनौतीका रूपमा छन्।

यद्यपि, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी ३ सय ५ सुरक्षाकर्मीलाई तयारी अवस्थामा राखेका छौं। उनीहरू जतिवेला पनि खट्न सक्ने गरी अलर्ट अवस्थामा छन्। करिब दुई दर्जन परिवारलाई सुरक्षित स्थानमा सारिसकेका छौं। कतिपय भूकम्पपीडितहरू चर्किएकै घरमा जोखिमपूर्ण तरिकाले पनि बसिरहेका छन्। कतिपयका अस्थायी टहराहरू पनि पहिरोको जोखिममा छन्। झोला तयारी अवस्थामा राख्न, सुरक्षित स्थलको पहिचान गर्न र जोखिमको अवस्था देखिए तत्काल खवर गर्न स्थानीयलाई आग्रह गरेका छौं। मनसुनजन्य विपद्बाट क्षति हुन नदिन रेडक्रससलगायत सबै सरोकारवालाहरूलाई अलर्ट अवस्थामा रहन पनि आग्रह गरेका छौं।

*(अधिकारी, जाजरकोटका प्रमुख जिल्ला अधिकारी हुन् ।)*

# राजधानी दाङमा, बुटवलमा पनि मुख्यमन्त्री निवास किन ?

**केशरराज क्षेत्री** | *बुटवल*

लुम्बिनी प्रदेशको स्थायी राजधानी हो- दाङको देउखुरी। बुटवलबाट त्यहाँ राजधानी सरेपछि मुख्यमन्त्रीदेखि मन्त्रीका लागि क्वाटर बनेका छन्। तर, प्रदेशका नवनियुक्त मुख्यमन्त्री चेतनारायण आचार्यले बुटवलमा रहेको राजस्व अनुसन्धानको भवन 'कब्जा'मा लिएर दोहोरो क्वाटरको सुविधा लिएका छन्। आफ्नो भवन मुख्यमन्त्रीले 'कब्जा' गरेपछि राजस्व अनुसन्धान विभागले भाडामा भवन लिएर कार्यालय सञ्चालन गरिरहेको छ। जबकी अघिल्लो सरकारले उक्त भवन विभागलाई नै सुम्पने निर्णय गरेको थियो।



बुटवलमा हाल कुनै पनि मन्त्रालय छैनन्। स्थायी राजधानी घोषणा भएपछि सबै मन्त्रालयहरू राप्ती उपत्यका देउखुरी दाङमा सारिएका थिए। बुटवलमा रहेको सरकारी निवासको भवन राजस्व अनुसन्धान कार्यालयको हो। राजस्व अनुसन्धान संघीय सरकार अर्थात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत पर्छ। आफ्नो भवनलाई मुख्यमन्त्रीले क्वाटरका रूपमा प्रयोग गरेपछि राजस्व अनुसन्धानले मासिक १ लाख ७० हजार रुपैयाँ भाडा तिरेर बुटवल उपमहानगरपालिकाको बसपार्कमा रहेको टर्मिनल भवनमा कार्यालय सञ्चालन गरिरहेको छ। लुम्बिनी प्रदेश सरकारका संस्थापक मुख्यमन्त्री एवं एमालेका महासचिव शंकर पोखरेलको कार्यकालमा बुटवलमा मुख्यमन्त्री निवास स्थापना गरिएको थियो। बुटवलमा मन्त्रालयहरू हुँदा निवास सान्दर्भिक भए पनि मन्त्रालयहरू स्थानान्तरणपछि पनि सरकारी निवासलाई यथावत राख्नु सरकारी सम्पत्तीको दुरुपयोग भएको नागरिक समाजका अगुवाहरूले टिप्पणी गरेका छन्।

**अघिल्लो सरकारले गरेको थियो हटाउने निर्णय**

माओवादी केन्द्रका निवर्तमान मुख्यमन्त्री जोखबहादुर महराको कार्याकालमा लुम्बिनी प्रदेश सरकारले २०८१ वैशाख २३ गते 'बुटवलस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सम्पर्क कार्यालयका रूपमा उपयोग भइरहेको भवनहरू राजस्व अनुसन्धान कार्यालय, बुटवललाई उपलब्ध गराउने' निर्णय गरेको थियो।

» बाँकी पृष्ठ ६

## क्यालिफोर्नियामा आगलागीले ५६० भन्दा बढी घर र भवन ध्वस्त

**वासिङटन** (क्युएनए): क्यालिफोर्नियाको सेन्ट्रल भ्यालीमा ६ हजारभन्दा बढी अग्नि नियन्त्रकहरूले ११ दिनअघि लागेको राज्यको इतिहासमा सबैभन्दा ठूलो आगलागी निभाउन संघर्ष गरिरहेका छन्।

अधिकारीहरूका अनुसार आगलागीबाट अहिलेसम्म ५ सय ६० भन्दा बढी घर र भवन नष्ट भएका छन् भने लस एन्जलस सहरभन्दा ठूलो क्षेत्रफल अर्थात् ४ लाख एकडभन्दा बढी भूमिलाई यसले लपेटेको छ। अधिकारीहरूले २७ प्रतिशत क्षेत्रमा आगो निभाइएको र ४ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको बताएका छन्।

यस क्षेत्रको कच्ची भूभाग र उजाडस्थानका कारण आगलागी भएको स्थानसम्म पुग्न दुईदेखि तीन घण्टा लागेको थियो। साथै केही अग्नि नियन्त्रकलाई हेलिकप्टरद्वारा अग्रपंक्तिमा पठाइएको छ भने केही आपूर्ति आइपुग्दासम्म केही दिन त्यहाँ रहने अपेक्षा गरिएको छ। क्यालिफोर्निया राष्ट्रिय अग्नि नियन्त्रण केन्द्रले अस्ट्रेलिया र न्युजिल्यान्डका अग्नि नियन्त्रकहरूसँग सहयोगका लागि अनुरोध गरेको छ।

# डेडिकेटेड र ट्रंक लाइन बक्यौता विवाद थप पेचिलो

## पुन र आचार्य बर्खास्त, गुरुङ र कार्की नियुक्त

**सुनिता कार्की** | *काठमाडौं*

डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद सुल्झाउन सरकारलाई 'सहयोग' नगरेको भन्दै विद्युत् प्राधिकरणका सञ्चालक समिति सदस्यद्वय भक्तबहादुर पुन र कपिल आचार्यलाई बर्खास्त गरिएको छ। ऊर्जामन्त्री दीपक खड्काले महेन्द्रबहादुर गुरुङ र देवेन्द्र कार्कीलाई समिति सदस्यमा नयाँ नियुक्त दिएका छन्।

डेडिकेटेड र ट्रंक लाइनको बक्यौता नतिरेको भन्दै प्राधिकरण नेतृत्वले ६ वटा उद्योगको लाइन काटेको थियो। प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री खड्काको मौखिम निर्देशनमा प्राधिकरण सञ्चालक समितिको साउन ७ गतेको बैठकले काटिएका लाइन जोड्ने निर्णय गरेको थियो। उक्त निर्णयमा सञ्चालक समिति सदस्यद्वय पुन र आचार्यले 'नोट अफ डिसेन्ट' लेखेका थिए।

ट्रंक लाइन बक्यौता विवाद सुल्झाउन सरकार र विद्युत् नियमन आयोगको सुझावलाई लत्याएको भन्दै ऊर्जामन्त्री खड्काले सञ्चालकद्वय पुन र आचार्यसँग साउन १५ गते स्पष्टीकरण सोधेका थिए। उनीहरूले दिएको स्पष्टीकरण



**प्राधिकरणका नवनियुक्त सञ्चालक सदस्य देवेन्द्र कार्की र महेन्द्रबहादुर गुरुङ ।**

चित्तबुझ्दो नभएको भन्दै गत शुक्रबार नै पदबाट बर्खास्त गरिएको ऊर्जामन्त्री खड्काले बताएका छन्। पछिल्लो समय डेडिकेटेड र ट्रंक लाइन बक्यौदा विवाद पेचिलो बन्दै गएको छ। संसद्को लेखा समितिमा समेत यो विषयमा 'चर्काचर्की' बहस भएका छन्।

प्राधिकरणले ०७२ सालमा मुलुकलाई १८ घण्टासम्म लोडसेडिङमा राखेर विभिन्न उद्योगलाई डेडिकेटेड र ट्रंक लाइन उपलब्ध गराइएको थियो। प्राधिकरणले दोब्बर मूल्य लिने भन्दै उद्योगहरूलाई लाइन दिएको थियो। तर, प्राधिकरण आफैंले महसुल तोक्न नमिल्ने भन्दै व्यवसायीले विरोध गरे। ०७५ मा लोडसेडिङ अन्त्य भयो। व्यवसायीले दोब्बर महँगोमा बिजुलीको पैसा तिर्न मानेनन्।

तर, प्राधिकरणले बक्यौता भन्दै विल पठायो। त्यस बेलाको यो विवाद बल्झदै प्राधिकरणले फेरि लाइन काट्न थाल्यो। व्यवसायीहरू त्यसबेलाको 'टम्स अफ डे (टिओडी)' मिटरका आधारमा मात्रै पैसा तिर्ने अडानमा छन्। प्राधिकरणले टिओडी मिटर देखाउन सकेको छैन। टिओडी मिटर बिनै कसरी व्यवसायीलाई पैसा तिर्न बाध्य पार्ने भन्दै प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्का पनि प्राधिकरण नेतृत्वप्रति 'असन्तुष्ट' छन्।

त्यसैकारण, ऊर्जामन्त्री खड्काले प्राधिकरणका सञ्चालकद्वय पुन र आचार्यलाई बर्खास्त गरेर गुरुङ र कार्कीलाई मन्त्रीस्तरीय निर्णयबाट नियुक्ति दिएका हुन्। विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (३) को खण्ड (च) बमोजिम विद्युत् क्षेत्रमा विशेषज्ञता हाँसिल गरेको गैरसरकारी व्यक्तिबाट कार्की र विद्युत् उपभोक्ताहरू मध्येबाट गुरुङलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको मन्त्रालयले जनाएको छ।

ओखलढुंगा रुम्जाटारका गुरुङ विद्युत् विकास विभागका पूर्वमहानिर्देशक एवं पञ्चेश्वर विकास प्राधिकरणका पूर्वसीईओ हुन्। दोलखाको तामाकोशी गाउँपालिका-२ का कार्की पूर्वऊर्जासचिव हुन्।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बक्यौता बाँकी रहेका ६ उद्योगको लाइन काटेका थिए। प्रधानमन्त्री ओलीले प्राधिकरणका घिसिङ र उद्योगहरूसँग छलफलका क्रममा प्राधिकरण सञ्चालक समितिको बैठक बोलाएर लाइन जोड्न प्रक्रिया अघि बढाउन भनेका थिए। त्यसपछि पनि लिखित निर्देशन नआएसम्म लाइन नजोड्ने भन्दै कार्यकारी निर्देशक घिसिङले अटेर गरेपछि विद्युत् नियमन आयोगले प्राधिकरणलाई पत्र पठाउँदै काटिएको लाइन तत्काल जोड्न निर्देशन दिएको थियो।

आयोगले विद्युत् उपभोक्ता हित संरक्षणसम्बन्धी निर्देशिका २०८० को दफा १३ को उपदफा (१) देखि उपदफा (१०) मा टेकेर लाइन काटन नमिल्ने तर्कसहित सुझाव दिएको थियो। जसले उपभोक्ताले गरेको गुनासो समाधान सम्बोधन हुनुअघि नै विद्युत् दिने संस्थाले लाइन काट्न नमिल्ने व्यवस्था छ। डेडिकेटेड तथा ट्रंक लाइनका ग्राहकहरूले निवेदन दिएका कारण लाइन जोड्न र किन लाइन जोड्न उपयुक्त नहुने सम्बन्धमा ३० दिनभित्र आयोगमा सबुत तथा प्रमाणसहित भनाइ पेस गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो। त्यसपश्चात् प्राधिकरण सञ्चालक समितिको बैठकमा काटिएको लाइन जोड्नुपर्छ भन्ने बहुमत सदस्यको निर्णयसँगै कार्यकारी निर्देशक घिसिङले माइन्युट उठाएका थिए। तीन महिनाभित्र शुल्क तिर्ने सर्तमा प्राधिकरण सञ्चालक समितिले लाइन काटिएका उद्योगहरूमा पुन: लाइन जोडिदिएको हो।

» बाँकी पृष्ठ ६